http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ४, अङ्क ९, २०७३ चैत, Year 4, Issue 9, April 2017

## राजस्व संकलन ३२ प्रतिशतले वृद्धि

काठमाडौं। आर्थिक वर्ष २०७३/०७४ चैत्र मसान्तसम्मको राजस्व संकलन गत वर्षको सोही अवधिको तुलनामा ३२ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०७३/०७४ चैत महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. १ खर्व ६५ अर्व १६ करोड ४ लाख २५ हजार रहेकोमा रु. १ खर्व ७२ अर्व १७ करोड ४ लाख ५९ हजार

| २०७३/२०७४ चैत्रसम्मको प्रगति | | | | | |
|---|---|---|---|---|---|
| शीर्षक | वार्षिक लक्ष्य | २०७३ चैत्र महिना सम्मको | | लक्ष्यको तुलनामा प्रगति प्रतिशतमा | गत वर्षको वृद्धिदर प्रतिशतमा |
| | | लक्ष्य | प्रगति | | |
| आयकर | ११४१८९८३० | ७९९३२८८१ | ८६९४४६८२ | १०९ | ३४ |
| वहालकर | ३७५२४१० | २२५१४४९ | २७७८७१७ | १२३ | २७ |
| व्याजकर | ९५८०१०० | ७०८९२७४ | ५६७२२४६ | ८० | ९ |
| आयकर जम्मा | १२७५२२३४० | ८९२७३६०४ | ९५३९५६४५ | १०७ | ३२ |
| मू.अ.कर | ५९३२८७५४ | ४३३०९९८९ | ४३०५४६५६ | ९९ | २६ |
| अन्त:शुल्क | ४५०२५२३२ | ३१०६७४११ | ३२३६४५७६ | १०४ | ३९ |
| शिक्षा सेवा शुल्क | ७५६२४८ | ६२७६८४ | ५९४४५४ | ९५ | ३१ |
| स्वास्थ्य सेवा शुल्क | ९६८९४३ | ८८१७३७ | ७६११२८ | ८६ | २५ |
| जम्मा | २३३६०१५१७ | १६५१६०४२५ | १७२१७०४५९ | १०४ | ३२ |

संकलन भई लक्ष्यको १०४ प्रतिशतले प्रगति भएको छ। शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. ९५ अर्व ३९ करोड ५६ लाख ४५ हजार, मूल्य अभिवृद्धि कर रु. ४३ अर्व ५ करोड ४६ लाख ५६ हजार र अन्त:शुल्क तर्फ रु. ३२ अर्व ३६ करोड ४५ लाख ७६ हजार संकलन भएको छ। सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ १०७ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ ९९ प्रतिशत र अन्तशुल्क तर्फ १०४ प्रतिशत हो। त्यसैगरी शिक्षा सेवा

बाँकी ५ पेजमा....

# राजस्व संकलन नै सर्वोपरी लक्ष्य



समीक्षा कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्मा, उपमहानिर्देशकहरु श्री चन्द्रकला पौडेल, श्री धनीराम शर्मा र सूचना प्रविधि विज्ञ श्री प्रेमशरण श्रेष्ठ

काठमाडौं। यही चैत १० गते आन्तरिक राजस्व विभागमा आयोजित मासिक समीक्षा कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले काठमाडौं उपत्यकाभित्रका सवै आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयका प्रमुखहरुलाई राजस्व संकलनलाई सर्वोपरी लक्ष्य मानेर कार्य सम्पादन गर्न निर्देशन दिनु भयो।

सो अवसरमा महानिर्देशक शर्माले व्यवसायीहरुको अनुगमन गर्ने प्रमुख आधार सूचना भएकाले सूचनालाई अद्यावधिक गर्नुपर्नेमा जोड दिनुभयो। करदाता र व्यवसायको बारेमा टेलिफोनबाट भन्दा सम्बन्धित व्यवसाय रहेको स्थानमा भ्रमण गरी सूचना संकलन गर्नु राम्रो हुने उहाँको भनाई रहेको थियो।

उहाँले वैदेशिक रोजगार व्यवसायको कर सम्बन्धमा राजस्व अनुसन्धान विभाग र आन्तरिक राजस्व विभागको बीच समन्वय हुनुपर्नेमा जोड दिनुहुँदै त्यस्ता विषयहरु विभाग समक्ष लिएर आउन निर्देशन दिनुभयो।

स्थानीय निकायको निर्वाचन घोषणा भइसकेको सन्दर्भमा निर्वाचन आचार संहिताको सवैले अध्ययन र पालना गर्न सचेत गराउनुभयो।

वक्यौता असुलीको लागि निरन्तर प्रयास गरिरहेमा मात्र सफलता हात पर्ने भएकाले करदाताको नियमित सम्पर्क गर्न कुनै कन्जुस्याईं नगर्न उहांको निर्देशन थियो।

होटल र डिपार्टमेन्टल

बाँकी ३ पेजमा....

## यसभित्र

मदिरा व्यवसायीसंग अन्तर्क्रिया — पृष्ठ ७

नव प्रवेशीहरुलाई तालिम — पृष्ठ ८

आधारभूत लेखा तालिम सम्पन्न — पृष्ठ ११



# महानिर्देशकको सन्देश

सवल अर्थतन्त्रको प्रमुख सूचकहरू मध्ये उच्च दरको आर्थिक वृद्धि पनि एक हो । वर्षौ पछि नेपालको आर्थिक वृद्धिदर करिव ७ प्रतिशतको हाराहारीमा रहने अनुमान सहितको समाचार सञ्चार माध्यममा प्रकाशित भएका छन् । कृषि, उद्योग, पेशा, व्यवसाय जस्ता आर्थिक गतिविधि नै उच्च आर्थिक वृद्धिको संवाहक भएको हुंदा आर्थिक गतिविधि र आर्थिक वृद्धिको सम्बन्ध अन्योन्याश्रित रहेको छ । आर्थिक गतिविधि तथा कृयाकलापमा जति धेरै बढोत्तरी हुंदै जान्छ, त्यति नै कर प्रशासनको भूमिका र सक्रियता पनि बढाउंदै लैजानु पर्दछ ।

हामी आर्थिक वर्ष २०७३/७४ को नवौं महिना पूरा गरी दशौं महिनामा प्रवेश गरेका छौं । आर्थिक वर्षको ९ महिनामा आईपुग्दा चैतसम्मको राजस्व संकलनको लक्ष्य रू. १ खर्व ६५ अर्व १६ करोड ४ लाख २५ हजार रहेकोमा रू. १ खर्व ७२ अर्व १७ करोड ४ लाख ५९ हजार संकलन भई लक्ष्यको १०४ प्रतिशतले प्रगति भएको छ । शीर्षकगत रूपमा हेर्दा आयकर तर्फ रू. ९५ अर्व ३९ करोड ५६ लाख ४५ हजार, मूल्य अभिव ृद्धि कर रू. ४३ अर्व ५ करोड ४६ लाख ५६ हजार र अन्त:शुल्क तर्फ रू. ३२ अर्व ३६ करोड ४५ लाख ७६ हजार संकलन भएको छ । सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ १०७ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ ९९ प्रतिशत र अन्तशुल्क तर्फ १०४ प्रतिशत हो । त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमश: रू. ५९ करोड ४४ लाख ५४ हजार र रू. ७६ करोड ११ लाख २८ हजार संकलन भएको छ । शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ९५ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ८६ प्रतिशत संकलन भएको छ । गत वर्षको तुलनामा आयकर वृद्धिदर ३२ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर २६ प्रतिशत, अन्तशुल्कको वृद्धिदर ३९ प्रतिशत, स्वास्थ्य सेवा करको वृद्धिदर २५ प्रतिशत र शिक्षा सेवा शुल्कको वृद्धिदर ३१ प्रतिशत रहेको छ । चैत्रसम्मको अवस्था हेर्दा यस विभागले लक्ष्यभन्दा बढी राजस्व असुली गरेको छ भने यही प्रवृत्ति कायम रहेमा आर्थिक वर्ष २०७३/७४ को वार्षिक लक्ष्य २ खर्व ३३ अर्व ६० करोड १५ लाख १७ हजार समेत सजिलै पूरा हुने देखिन्छ ।

सवल अर्थतन्त्रको प्रमुख सूचकहरू मध्ये उच्च दरको आर्थिक वृद्धि पनि एक हो । वर्षौ पछि नेपालको आर्थिक वृद्धिदर करिव ७ प्रतिशतको हाराहारीमा रहने अनुमान सहितको समाचार सञ्चार माध्यममा प्रकाशित भएका छन् । कृषि, उद्योग, पेशा, व्यवसाय जस्ता आर्थिक गतिविधि नै उच्च आर्थिक वृद्धिको संवाहक भएको हुंदा आर्थिक गतिविधि र आर्थिक वृद्धिको सम्बन्ध अन्योन्याश्रित रहेको छ । आर्थिक गतिविधि तथा कृयाकलापमा जति धेरै बढोत्तरी हुंदै जान्छ, त्यति नै कर प्रशासनको भूमिका र सक्रियता पनि बढाउंदै लैजानु पर्दछ । एकातिर उच्च आर्थिक वृद्धिदर हुने अनुमान गरिएको छ भने अर्कोतर्फ सोको अनुपातमा कर संकलन र करको दायरा वृद्धिमा उल्लेख्य प्रभाव परेको देखिंदैन । तसर्थ उच्च आर्थिक वृद्धि र कर असुली बीचमा के कस्तो सम्बन्ध छ साथै यस सम्बन्धमा के कस्ता नीतिगत तथा प्रकृयागत विधि अवलम्बन गर्न उपयुक्त हुन्छ भन्ने विषयमा कर प्रशासनमा कार्यरत सवै कर्मचारीले अध्ययन/विश्लेषण गरी करको दायरा र कर संकलन बढाउने तर्फ आफ्नो ध्यान केन्द्रित गरी कार्य गर्नु सवैको कर्तव्य हुन आउंछ ।

हालै निजी क्षेत्रको प्रतिनिधि संस्था उद्योग वाणिज्य महासंघको नयां नेतृत्व चयन भएको अवस्था छ । नयां नेतृत्व आए पछि त्यसले गर्ने कार्यको प्रभाव सवै जिल्लास्थित जिल्ला उद्योग वाणिज्य संघ तथा तिनका भातृ संस्थामा पर्ने हुंदा नयां कार्य वातावरण अनुरूप ननफाइलर घटाउने, बक्यौता असुली बढाउने, करदाता शिक्षालाई व्यापक र प्रभावकारी बनाउने, करको दायरा विस्तार र सम्भावित नयां करारोपणका क्षेत्र पहिचान गर्ने तथा कर परिपालना बढाउने कार्यमा निजी क्षेत्रलाई साथ लिई हाम्रा काम कारवाही अगाडि बढाउँदा कार्य वातावरण सहज हुन गई तोकिएको लक्ष्य प्राप्तिमा सघाउ पुग्ने हुंदा सोही अनुसार कार्य योजना सहित कार्य गर्न गराउन निर्देश गर्दछु ।

२०७३ चैत

**चुडामणि शर्मा**
महानिर्देशक

## १ पेजको बांकी...

स्टोर बाहेक मदिरा र सूर्तिजन्य पदार्थको कारोवार गर्नेले अनिवार्य रुपमा छुट्टै प्यान लिनु पर्ने व्यवस्था रहेको हुंदा सोही अनुसार कार्यान्वयन गराउनु पर्ने बताउनुभयो । आर्थिक वर्षको अन्ततिर मदिरा व्यवसायीले अन्तःशुल्क वृद्धि हुने भएकाले अन्तःशुल्क स्टिकर स्टक राख्ने प्रवृत्ति बढेको बताउनुहुँदै बजार अनुगमनलाई प्रभावकारी बनाउन समेत निर्देशन दिनुभयो ।

स्थानीय तहको घोषणा भइसकेको सन्दर्भमा कर प्रशासनको कार्य क्षेत्र र प्रणालीलाई तदनुसार छिट्टै सुधार गरिने बताउनुभयो । चोरी, आगलागी, कर्मचारी दुर्घटनाका विषयवस्तु समयमा विभागलाई जानकारी गराउनु पर्ने तथा कुनै पनि घटना सामाजिक सञ्जालमा प्रचार नगर्न समेत सचेत गराउनुभयो ।

कार्यक्रममा उपमहानिर्देशक श्री चन्द्रकला पौडेलले अपिल इन्ट्रीलाई अध्यावधिक गरी अटोमेटिक ट्रेसिङको विकास गर्न जरुरी रहेको बताउनुभयो । उहाँले सरकार बजेट निर्माणको संघारमा रहेको बताउनुहुँदै विभिन्न कार्यदल गठन भएकोले नीति निर्माणको क्रममा, कुन दफामा परिमार्जन गर्नुपर्ने आवश्यकता छ सो को सुझाव दिन आग्रह गर्नुभयो । मुद्दामा रहेका करदाताको फाइल सार्दा करदाताको सम्पूर्ण विवरण पठाइदिन तथा मिशिल पठाउने विशेष सरकारी कार्यालयमा पेशी के छ खोजविन गरिरहन समेत निर्देशन दिनुभयो । चैत महिना दोस्रो किस्ता बुझाउने समय भएकाले चैत महिनामा कर प्रशासनको पहल र सक्रियता अझै बढ्नु पर्ने उहांको अपेक्षा रहेको थियो । बजार अनुगमन नियमित रुपमा हुनुपर्ने उहांको भनाई थियो । भर्खरै प्रकाशित भएको अन्तःशुल्क सम्बन्धी ब्रोसर सवैले अध्ययन गर्न निर्देशन दिनुभयो ।

उपमहानिर्देशक श्री धनिराम शर्माले माघ र फागुनमा लक्ष्यभन्दा कम असुली रहेको स्मरण गराउनुहुँदै आयात समेत घट्दै गएको सन्दर्भमा उत्पन्न भएको राजस्व लक्ष्य पूरा गर्ने चुनौति समेतलाई ध्यानमा राखेर मेहनतका साथ काम गर्न निर्देशन दिनुभयो । श्री शर्माले मूल्य अभिवृद्धि करको असुली सन्तोषजनक नभएको र ठूलो कारोवार गर्ने तर ननफाइलर भएर बस्ने किसिमको अटेरी गर्ने प्रवृत्ति बढ्दै गएकोले कर प्रशासन निस्क्रिय भएको हो कि भन्ने आशंका व्यक्त गर्दै अझ सक्रिय हुनुपर्नेमा जोड दिनुभयो । फर्निचर व्यवसायी, निर्माण व्यवसायी, मेशिन आयात गर्नेहरु र विशेष गरेर १५ देखि २५ करोडको कारोवार गर्ने करदाताहरु ननफाइलर देखिएकाले सूचना विश्लेषण गरेर कार्य सम्पादन गर्न निर्देशन दिनुभयो । विभागबाट हुने अनुगमन कर्मचारीहरुको कमजोरी देखाउन गरिएको नभई उनीहरुलाई सक्षम बनाउन गरिएको प्रष्ट पार्नुभयो ।





समीक्षा कार्यक्रममा काठमाडौंस्थित आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयका प्रमुखहरु तथा आन्तरिक राजस्व विभागका निर्देशकहरु

उपमहानिर्देशक श्री प्रेमशरण श्रेष्ठले सूचना प्रविधिको प्रयोगमा सरकारी कार्यालयमा आन्तरिक राजस्व विभाग नै अघि रहेको बताउनुभयो । प्रगति प्रतिशत पुऱ्याउने भूमिकामा सूचना प्रविधिको महत्वपूर्ण योगदान रहेको बताउनुहुँदै मोबाइल एप्लिकेशन र एसएमएस चलाउन कार्यालयहरुले करदातालाई प्रशिक्षित गर्नुपर्ने औंल्याउनुभयो ।

त्यस्तै सूचना प्रविधिमा देखिएका समस्या समाधान गर्न विभागको सूचना प्रविधि शाखा सदैव तयार रहेको र सूचना प्रविधि प्रणालीमा तत्काल अभिलेख गर्न नसकिने विवरणहरुलाई स्क्यानिङ गरेर राख्न आग्रह गर्नुभयो ।

करदाता सेवा शाखाका निर्देशक श्री शरद निरौलाले स्थानीय तहको कार्यक्षेत्रको सम्बन्धमा अन्यौलमा नपरी तत्कालका लागि साविक अनुसारै गर्नु गराउनु हुन अनुरोध गर्नुभयो ।

अन्तशुल्क शाखाका निर्देशक श्री राजकुमार खतिवडाले सूर्तिजन्य पदार्थ र अन्य उपभोग्य वस्तुहरु सँगै बेच्न नपाइने भएकाले इजाजत दिंदा कुन प्रकारको वस्तुको लागि हो खुलाएर दिने, १८ वर्ष मुनिकालाई नबेच्ने, गर्भवतीले वा गर्भवतीलाई नबेच्ने, छुट्टै विक्री कक्ष राख्नुपर्ने तथा सवैले देख्ने गरी सूचना पाटी राख्नु पर्ने व्यवस्था रहेकोले सोही अनुसार गराउनु हुन अनुरोध गर्नुभयो । अन्तःशुल्क स्टिकरहरुको व्यवस्थापनका लागि कार्यालयबाट अन्तःशुल्क अधिकृतको टोलीले अनुगमन गर्न समेत निर्देशन दिनुभयो ।

कार्यक्रममा अनुगमन शाखाका निर्देशक श्री अर्जुनप्रसाद भट्टराईले चालु तथा विगत तीन वर्षहरुको फागुन मसान्तसम्मको आयकर, मू.अ.कर, अन्तःशुल्क संकलनको अवस्था र प्रवृत्तिवारे प्रस्तुती गर्नु भएको थियो ।

उहाँले अनिवार्य दर्ताको व्यवस्था खारेजी


पछि करदाता दर्ता खारेज गर्न नआई शुन्य विवरण दिँदै बसेको, निर्माण व्यवसायी बाहेक अन्य शुन्य विवरण दिने करदाताको छानवनि गरी दर्ता खारेज गर्न कार्यालयहरुलाई निर्देशन गरिएको, आय विवरण विश्लेषण गरी हेर्दा मझौला करदातामा कर जोखिम बढी देखिएको बताउनुभयो । त्यसैगरी विभागको सूचना प्रविधि प्रणालीमा कारोवार गरेको देखिएको तर Non-Filer देखिएका ५६१ करदाताको कारोवार छानविनका लागि सम्बन्धित कार्यालयहरुमा लेखि पठाई सकिएको बताउनुभयो ।

श्री भट्टराईले फागुन महिनासम्म सम्पादन भएका मुख्य कार्यहरुमा स्थायी लेखा नम्बर तथा मू.अ.कर दर्ताको दरखास्त फारामको ढांचा परिमार्जन गर्न Know Our Taxpayer अभियान संचालन गर्ने कार्य तीव्रताका साथ शुरु भएको, मूल्य अभिबृद्धि करमा दर्ता भएका सबै करदाताले रु. १ लाख भन्दा बढीको खरिद विक्रीको विवरण कर विवरणसाथ पेश गर्नुपर्ने व्यवस्था श्रावण महिना देखिनै लागू गरिएको, कर छुट पाउने संस्थाको अभिलेख व्यवस्थित गरी सूचना प्रविधिमा आवद्ध गर्ने कार्य शुरु भएको, अन्तःशुल्क व्यवस्थापनमा स्वचालित प्रणाली विकास गर्न मदिरा, वियर, वाइन, चुरोट लगायतका सूर्तीजन्य तथा मदिराजन्य वस्तुमा लगाउंदै आएको अन्तःशुल्क स्टिकरलाई प्रविधिमा आधारित अनुगमन र परीक्षण (Track and Trace) गर्न सक्ने प्रणालीको कार्यान्वयन प्रक्रिया अगाडि बढाउने सम्बन्धमा २ वटा कम्पनीहरुबाट Demonstration Class लिइएको, थप अध्ययन भैरहेको जानकारी दिनुभयो। त्यसैगरी वार्षिक रु. ४० लाख भन्दा बढीको आय भएको व्यक्तिले अनिवार्य रुपमा आय विवरण पेश गर्ने व्यवस्थाका लागि वेभमा आधारित आय विवरण फाराम तयार गरी कार्यान्वयनमा ल्याइएको, वार्षिक रु १ करोडसम्मको कारोबार गर्ने तोकिएका करदाताले आफ्नो आय विवरण आफै प्रमाणित गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको, मूल्य अभिबृद्धि कर विवरण फाराममा खरिद विक्री विजकको जम्मा संख्या उल्लेख गर्ने व्यबस्थाको लागि फारम तयार गरी नेपाल राजपत्रमा सूचना प्रकाशनको लागि कानून मन्त्रालयमा पठाईएको, ठूला करदाता कार्यालय र आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. १, २ र ३ मा Non Filler एक प्रतिशत भन्दा कम बनाउने र अन्य कार्यालहयरुमा Non Filler को प्रतिशत एकल संख्यामा सीमित गर्ने कार्य लाई पुरा गर्नको लागि प्रभावकारी कार्य सम्पादनको लागि निर्देशन गरिएको र कार्यदल गठन गरी तयार भएको प्रतिबेदन पेश भई कार्यान्वयनको चरणमा रहेको बताउनुभयो ।


करदाता शिक्षालाई प्रभावकारी संचालन भई रहेको र हाल सम्म ६११ करदाता शिक्षा संचालन गरिएको, सबैका लागि स्थायी लेखा नंबर (PAN for All) भन्ने नारा सहित २०७४ असार सम्ममा थप तीन लाख करदाता थप गर्ने अभियान संचालनको लागि कार्यालयमा लक्ष्य तोकि मातहत सम्पूर्ण कार्यालयमा निर्देशन दिई अनुगमन भैरहेको बताउनुभयो ।

शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा करलाई सूचना प्रविधिको मूल प्रणालीमा आबद्ध गर्न सफ्टवेयर विकास गर्ने कार्य सम्पन्न भई मूल प्रणालीमा आबद्ध गर्ने प्रक्रियामा रहेको, करदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि सूचनामूलक सामग्रीहरु (Brochures, Pamphlets, Handouts) तयार गरी करदाताको पहाुचमा पुर्‍याउने कार्य निरन्तर भैरहेको, औद्योगिक प्रतिष्ठानको प्रदर्शनी कक्ष, विक्री कक्ष, पसल, होटल र रेष्टुरेन्ट तथा बार लगायतका वस्तु तथा सेवाको विक्री गर्ने स्थानमा प्रदर्शन गरिने मूल्यमा मूल्य अभिबृद्धि कर सहितको मूल्य अंकित गर्नुपर्ने व्यवस्थालाई सूचना प्रकाशित गरि कार्यान्वयन भैसकेको समेत जानकारी दिनुभयो ।

सहभागी प्रमुख कर अधिकृतहरुले फाइल व्यवस्थापनलाई विद्युतीकरण गर्दै गएको, रेष्टुरेन्ट, पार्टी प्यालेसहरुलाई करको दायरामा ल्याएको, अवैध मदिरा नष्ट गरिएको, करदाताको विवरण सिस्टममा बढी भन्दा बढी अद्यावधिक गरिएको बताउनुभएको थियो । शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा करको क्षेत्रमा राजस्व संकलन कमजोर रहेको बताउँदै करदाताले हप्काउने, बक्यौता राख्दै जाने र कर प्रशासनलाई अटेर गर्ने प्रवृत्ति बढेकाले कर प्रशासन कानुनी रुपमा कमजोर भयो कि भन्ने प्रमुख कर अधिकृतहरुको आशंका थियो ।





| | Production -11411 | Sales and Distribution-11413 | Contract & Consultancy-11414 | Tourism Industries-11415 | Other Services-11416 | Reverse charge-11417 |
|---|---|---|---|---|---|---|
| 2071.72 | 31.13 | 24.24 | 18.17 | 4.43 | 16.69 | 5.34 |
| 2072.73 | 32.39 | 25.92 | 17.12 | 2.63 | 17.66 | 4.27 |
| 2073.74 | 31.75 | 25.95 | 17.05 | 3.02 | 18.28 | 3.95 |




| | Tobacco base (Cigarette/bidi)-11421 | Liquor-11422 | Beer-11423 | Other Industrial Production-11424 |
|---|---|---|---|---|
| 2071.72 | 25.16 | 38.26 | 22.12 | 14.46 |
| 2072.73 | 28.25 | 37.96 | 21.76 | 12.03 |
| 2073.74 | 25.78 | 39.00 | 21.95 | 13.27 |

## १ पेजको बांकी....

शुल्क र स्वास्थ्य सेवा कर क्रमशः रु. ५९ करोड ४४ लाख ५४ हजार र रु. ७६ करोड ११ लाख २८ हजार संकलन भएको छ । शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ९५ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ८६ प्रतिशत संकलन भएको छ । गत वर्षको तुलनामा आयकर वृद्धिदर ३२ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर २६ प्रतिशत, अन्तशुल्कको वृद्धिदर ३९ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर २५ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर ३१ प्रतिशत रहेको छ । चैत्रसम्मको अवस्था हेर्दा यस विभागले लक्ष्यभन्दा बढी राजस्व असुली गरेको छ भने यही प्रवृत्ति कायम रहेमा आर्थिक वर्ष




२०७३/७४ को वार्षिक लक्ष्य २ खर्व ३३ अर्व ६० करोड १५ लाख १७ हजार समेत सजिलै पूरा हुने देखिन्छ ।

## २०७३ चैत मसान्तसम्मको कार्यालयगत लक्ष्य र असुली

रु हजारमा

| क्र.सं. | कार्यालय | कूल | | |
|---|---|---|---|---|
| | | लक्ष्य | असुली | प्रगति प्रतिशत |
| १ | आन्तरिक राजस्व कार्यालय, भद्रपुर | १३०३०३५ | १३३२७३३ | १०२ |
| २ | आन्तरिक राजस्व कार्यालय, विराटनगर | ३१३४८५३ | ३०८१७२६ | ९८ |
| ३ | आन्तरिक राजस्व कार्यालय, धरान | १८५३२०४ | २०५००७१ | १११ |
| ४ | आन्तरिक राजस्व कार्यालय, जनकपुर | १३६८०४६ | १३७६६८० | १०१ |
| ५ | आन्तरिक राजस्व कार्यालय, लाहान | १०९९४९६ | ९०८६१२ | ८३ |
| ६ | आन्तरिक राजस्व कार्यालय, सिमरा | ५०६१९५९ | ५११४०३० | १०१ |
| ७ | आन्तरिक राजस्व कार्यालय, वीरगन्ज | ४१६९९४१ | ३१९३५७२ | ७७ |
| ८ | आन्तरिक राजस्व कार्यालय, हेटौंडा | १८८४२८१ | १६४८२९७ | ८७ |
| ९ | आन्तरिक राजस्व कार्यालय, भरतपुर | १०१७२३९९ | ११०५९४३१ | १०९ |
| १० | आन्तरिक राजस्व कार्यालय, धनगढी | १३१०३८५ | १४२०४९० | १०८ |
| ११ | आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर | ६२३६६८ | ६५८१३२ | १०६ |
| १२ | आन्तरिक राजस्व कार्यालय, पोखरा | ४५०३८३६ | ४७९५६५६ | १०६ |
| १३ | आन्तरिक राजस्व कार्यालय, ललितपुर | ५४५१०९२ | ५९८१६०४ | ११० |
| १४ | आन्तरिक राजस्व कार्यालय, भैरहवा | ५१०१८२९ | ४९६२२७३ | ९७ |
| १५ | आ.राका. काठमाडौं क्षेत्र नं. ३ | ३१२४४७० | २६९४७७४ | ८६ |
| १६ | करदाता सेवा कार्यालय, टंगाल | १२५१२४२ | १२५३३०० | १०० |
| १७ | करदाता सेवा कार्यालय, महाराजगञ्ज | १०३२९८५ | १२००२११ | ११६ |
| १८ | करदाता सेवा कार्यालय, बालाजु | १८६०९५९ | २०५७२८३ | १११ |
| १९ | करदाता सेवा कार्यालय, कलंकी | ६५८१९९ | ८५६०५७ | १३० |
| २० | करदाता सेवा कार्यालय, कालिमाटी | ८६९३३४ | ११५५६८१ | १३३ |

| | | | | |
|---|---|---|---|---|
| २१ | आन्तरिक राजस्व कार्यालय, नेपालगञ्ज | १६८९६३२ | १८९२६८७ | ११२ |
| २२ | आ.राका. काडमाडौं क्षेत्र नं. १ | ३९३६५२६ | ३७३९२४३ | ९५ |
| २३ | करदाता सेवा कार्यालय, पुतलीसडक | २३४०२४० | २३४८६७५ | १०० |
| २४ | करदाता सेवा कार्यालय, नयाँ वानेश्वर | १२९०६९२ | १५१७२३९ | ११८ |
| २५ | करदाता सेवा कार्यालय, बत्तीसपुतली | १२०००१५ | १४५०१३३ | १२१ |
| २६ | करदाता सेवा कार्यालय, चावहिल | ८८२३८६ | १०२०६०८ | ११६ |
| २७ | करदाता सेवा कार्यालय, कोटेश्वर | ७०८८५८ | ७५९५७२ | १०७ |
| २८ | आ.राका. काडमाडौं क्षेत्र नं. २ | २१९२२१५ | २५१६७६५ | ११५ |
| २९ | करदाता सेवा कार्यालय, त्रिपुरेश्वर | ११५९९२५ | ११६६७७४ | १०१ |
| ३० | करदाता सेवा कार्यालय, नयाँ सडक | ७४७२६१ | ८९१७७४ | ११९ |
| ३१ | करदाता सेवा कार्यालय, ठमेल | ४४२६१५ | ५२२४७५ | ११८ |
| ३२ | आन्तरिक राजस्व कार्यालय, भक्तपुर | १९०२४७० | २३१९४५१ | १२२ |
| ३३ | आन्तरिक राजस्व कार्यालय, कृष्णनगर | ८२२६८४ | ७२८१४१ | ८९ |
| ३४ | आन्तरिक राजस्व कार्यालय, बुटवल | २६१०५२१ | ३७६०७६२ | १४४ |
| ३५ | आन्तरिक राजस्व कार्यालय, दाङ | ७६८७९३ | ७६९६८६ | १०० |
| ३६ | ठूला करदाता कार्यालय | ८६६३०३७९ | ८९९७५२४९ | १०४ |
| | जम्मा | १६५१६०४२५ | १७२१७९८४८ | १०४ |

नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौंको

## भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा, आकस्मिक लाभको भूक्तानी गर्दा र ठेक्का वा करारको भूक्तानी गर्दा भूक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ। साथै भूक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मिति सम्म कर दाखिला नगरेमा व्याज लाग्ने कानूनी व्यवस्था रहेको छ। तसर्थ, उपरोक्त कानूनी व्यवस्था बमोजिम भूक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरूले कानूनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना गरिएको छ।



## मदिरा व्यवसायीसंग अन्तर्क्रिया

**आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राजेन्द्रकुमार पौडेल तथा अन्त:शुल्क महाशाखाका टोलीसँग चैत ४ गते नेपाल मदिरा उत्पादक व्यवसायी संघमा आवद्ध मदिरा उत्पादकहरुले मदिराको क्षेत्रमा देखिएका नीतिगत समस्याहरु, अवैध मदिरा नियन्त्रण र नियमन तथा स्टिकरको प्रभावकारी प्रयोग र व्यवस्थापनका सम्बन्धमा छलफल तथा अन्तर्क्रिया सम्पन्न भएको छ ।**

**नेपाल सरकार**

**अर्थ मन्त्रालय**

**आन्तरिक राजस्व विभागको**

# मदिराजन्य र सूर्तीजन्य वस्तुको विक्री वितरण सम्वन्धी सूचना

अन्त:शुल्क ऐन, २०५८ वमोजिम होटल तथा रेष्टुरेन्ट व्यवसायी बाहेक मदिराको कारोवार गर्ने व्यवसायीले मदिरा र सूर्तीजन्य वस्तुको मात्र कारोवार गर्न पाउने व्यहोरा सवैलाई विदितै छ । उक्त व्यवस्था एवं देहायका शर्तहरुको पूर्ण परिपालना गर्नु गराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. इजाजतपत्र लिएर मात्र सूतीर्जन्य र मदिराजन्य वस्तुको कारोवार गर्ने,
२. ऐनले तोकेको म्यादभित्र इजाजतपत्र नवीकरण गर्ने,
३. इजाजतपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्ने,
४. बिहान १० बजे देखि राति १० बजेसम्म मात्र मदिरा बिक्री वितरण गर्नुपर्ने,
५. अठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न नपाइने,
६. मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको वीजक राख्नुपर्ने
७. अन्त:शुल्क स्टीकर टांस भएका मदिराजन्य तथा सूर्तीजन्य वस्तु मात्र बिक्री गर्नुपर्ने,

अन्त:शुल्क टिकट टाँस नभएको मदिराजन्य तथा सूर्तीजन्य वस्तु खरिद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरिवाना गरिनुका साथै कसैले अन्त:शुल्क ऐन २०५८ को वर्खिलाप हुने गरी अन्य वस्तु संगै मदिराजन्य वस्तु बिक्री वितरण गरेमा पहिलो पटक रु १०,००० (दशहजार) र त्यसपछि प्रत्येक पटकको लागि रु २०,००० (विसहजार) जरिवाना हुने व्यहोरा समेत जानकारी गराइन्छ। अत: उक्त कानूनी व्यवस्थाको पूर्ण परिपालना गरी सजायवाट वचौ। कसैले यस व्यवस्था विपरित व्यवसाय गरेको देखिएमा आन्तरिक राजस्व विभाग तथा नजिकको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा कोष तथा नियन्त्रक कार्यालयमा जानकारी गराईदिनु हुन अनुरोध गरिन्छ।

# नव प्रवेशी अधिकृतहरूलाई तालिम



चैत २७ देखि ३१ गतेसम्म आन्तरिक राजस्व विभागको सभाहलमा राजस्व प्रशासन सम्बन्धी अधिकृत स्तरीय सेवा प्रवेश तालिम सम्पन्न भएको छ। तालिममा नवप्रवेशी १९ जना अधिकृतहरुलाई आन्तरिक राजस्व विभागका निर्देशकहरु श्री शिवकुमार पोखेल, श्री चुडामणि ढुंगाना, कम्प्यूटर अधिकृतहरु श्री जगेन्द्र खड्का, श्री पदमबहादुर भण्डारी, श्री विनोद विडारी र कम्प्यूटर इन्जिनियर श्री दिपेश लेखकले एकीकृत कर प्रणाली (TDS) सम्बन्धी निम्न विषयहरु समावेश गरी तालिम दिनु संचालन गरिएको थियो।

- Internal Monitoring System: Features and Reports
- Fundamentals of Integrated Tax System (ITS) and Portals, Submission and Verification Process
- Taxpayer Registration, Verification and PAN Allocation, De/Re-registration and Registration Reports
- Central Functions: Taxpayer Search, Monitoring, Taxpayer Marking and Correspondence
- Office Transfer, Authorized Update (AU) Cases, Central Reports
- VAT System: Returns and Close of Business, MA, Appeal, RefundRebate Diplomatic Refund
- VAT Reports: ATR, RD and Others Education Service Fee and Health Service Tax
- Income Tax Self Assessment Returns (D-01),(D-03) and Annexes 13(SPDC)
- EstimatedReturns, Transfer of Control, Jeopardy and CB, Mismatch Resolution and Amended Assessment
- Tax Deduction at Source (TDS): Returns, Withholdee User and TDS Reports
- Arrears Management System and Reports
- Revenue Accounting System: Entry and Upload, RMIS
- RAS PDCR and RAS Reports: Collection Reports, MaLePa 15 Ka and Other
- Excise Registration : New Permit and Approval
- Excise Returns, Permit Suspend and Deregistration

नेपाल सरकार
अर्थ मन्त्रालय

## आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौंको

### मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिहरूले आफ्नो कारोवार स्थलमा मूल्य अभिवृद्धि कर सहितको प्राईस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना

मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेण्ट, बार, कारोवार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग प्राईस, मेनु प्राईस र सेल्फप्राईस) मा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

# आन्तरिक राजस्व उपसमितिद्वारा सुझाव संकलन





आर्थिक वर्ष २०७४/७५ को राजस्व नीति, तथा कार्यक्रम र बजेट तर्जुमाको लागि सुझाव पेश गर्न राजस्व परामर्श समिति अन्तर्गत गठित उपसमितिहरु मध्ये आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माको संयोजकत्वमा गठित आन्तरिक राजस्व उपसमितिद्वारा सुझाव संकलन गर्ने कार्य सम्पन्न भयो । आन्तरिक राजस्व विभागको कार्यकक्षमा चैत ११, १५, १८ र ३० गते भएका वैठकहरुबाट सुझाव संकलन भएको हो ।

आन्तरिक राजस्व उपसमिति कार्यक्षेत्र अन्तर्गत आयकर, अन्तःशुल्क, मू.अ.कर तथा आर्थिक ऐन बमोजिम लगाइने अन्य करहरु र एकीकृत विद्युतीय कर प्रणालीको स्थापनाको विषयहरु रहेका छन् ।

उपसमिति अन्तर्गत गठित पाँचवटै कार्यदलका संयोजकबाट प्रत्येक प्रतिवेदनका सुझावहरु दफावार प्रस्तुत गरिएको थियो । उपसमिति अन्तर्गत गठित पाँचवटै कार्यदलका संयोजकबाट प्राप्त सुझावहरु अर्थ मन्त्रालयबाट प्राप्त सुझावहरु, आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालय, ठूला करदाता कार्यालयबाट प्राप्त सुझावहरु तथा अन्य निकाय/संस्थाबाट प्राप्त सुझावहरु समेटी वैशाख ७ गतेसम्ममा प्रारम्भिक प्रतिवेदन तयार गर्ने निर्णय समेत भएको छ ।

उपसमितिका लागि तोकिएको कार्यक्षेत्रको व्यापकता र छोटो समयावधिको कारणले उपसमितिबाट मात्र कार्य सम्पादन गर्दा समयमा नै तोकिएको कार्य सम्पन्न गर्ने कठिनाईलाई दृष्टिगत गरी पाँच वटा कार्यदल गठन गरिएको थियो । जसमा आयकर कार्यदल, मूल्य अभिवृद्धि कर कार्यदल, अन्तःशुल्क कार्यदल, कर प्रणाली सुधार कार्यदल, करदाता सेवा तथा सूचना प्रविधि कार्यदल रहेका थिए ।

वैठकमा आन्तरिक राजस्व विभागका उपमहानिर्देशकहरु श्री चन्द्रकला पौडेल, श्री राजेन्द्रकुमार पौडेल, श्री धनीराम शर्मा, विभागका सूचना प्रविधि विज्ञ श्री प्रेम शरण श्रेष्ठ, ठूला करदाता कार्यालयका प्रमुख कर प्रशासक श्री बलराम रिज्याल, नीति विश्लेषण महाशाखाका निर्देशक तथा उपसमितिका सदस्य सचिव श्री नरनाथ गिरी, आन्तरिक राजस्व विभागका निर्देशकहरु श्री राजकुमार खतिवडा, श्री खिम कुँवर र आन्तरिक राजस्व विभागका कर अधिकृत श्री प्रमोदकुमार श्रीवास्तवको उपस्थिति रहेको थियो ।

त्यसैगरी उद्योग मन्त्रालयका उपसचिव श्री विमलराज बराल, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागका निर्देशक श्री विनोद लामिछाने, भन्सार विभागका निर्देशक श्री अच्युतप्रसाद शिवाकोटी, नेपाल राष्ट्र वैंकका प्रतिनिधि श्री मनोज पोखेल, नेपाल राष्ट्रिय उद्योग व्यापार संगठनका प्रतिनिधि श्री रामजीप्रसाद बराल, नेपाल समुद्रपार निकासी पैठारी संघका प्रतिनिधि श्री कुमार कार्की, नेपाल उद्योग परिसंघका प्रतिनिधि श्री शैलनाथ गौतम, नेपाल चेम्बर अफ कमर्शका प्रतिनिधि श्री कृष्णमान श्रेष्ठ, इन्टरनेट सेवा प्रदायक संघका प्रतिनिधिहरु श्री लक्ष्मण यादव, विजय श्रेष्ठ र विनय बोहरा लगायतको उपस्थिति रहेको थियो ।

नेपाल सरकार
अर्थ मन्त्रालय
## आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौंको

## मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल विजक लिने दिने सम्बन्धी आन्तरिक राजस्व विभागको सूचना

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्य रुपमा बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरू खटाइएको छ । बिक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु ५०००।- (पाँच हजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रुप्मा विजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रुपमा विजक लिन हुन अनुरोध छ ।

# महानिर्देशक शर्माद्वारा कार्यालयको अनुगमन तथा निरिक्षण सम्पन्न



आन्तरिक राजस्व विभागले नियमित रुपमा गर्दै आएको कार्यालयहरुको अनुगमन सम्बन्धी कार्यको निरन्तरता स्वरुप काठमाडौं उपत्यकास्थित ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयको अनुगमन कार्यलाई तिव्रता दिंदै आएको छ । अनुगमनका क्रममा आन्तरिक राजस्व विभागले कार्यमूलक परिसूचकहरुको लक्ष्य र प्रगतिको अवस्था, प्रोत्साहन भत्ता, कर संकलन, कर परीक्षण तथा अनुसन्धान, करदाता सेवा र शिक्षा लगायतका कार्यहरुको प्रगतिको अवस्था र गुणस्तरका विषयमा अनुगमन गरी कमी कमजोरी औंल्याउने र सुधारका लागि गर्नुपर्ने कार्यगत र नीतिगत सुधारका सम्बन्धमा निर्देशन दिंदै आएको छ।

चैत महिनामा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माबाट ठूला करदाता कार्यालय र आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १ को निरीक्षण तथा अनुगमन गर्ने कार्य सम्पन्न भयो । अनुगमन टोलीमा विभागका उपमहानिर्देशक, निर्देशक तथा शाखा अधिकृतको संलग्नता रहेको थियो ।



ठूला करदाता कार्यालयको अनुगमन गर्नुहुंदै महानिर्देशक श्री शर्माबाट विधि र विवेक प्रयोग गरी प्रभावकारी, पारदर्शी तथा छिटो छरितो रुपमा कार्य सम्पादन गर्न सम्पूर्ण कर्मचारीहरुलाई निर्देशन भयो ।

ठूला करदाता कार्यालयले कूल राजस्वमा ५० प्रतिशत भन्दा बढी योगदान गर्ने भएकाले विशेष ध्यान दिई कार्य सम्पादन गर्न उहाँको निर्देशन थियो । परीक्षण तथा अनुसन्धान सम्बन्धी कार्यलाई गुणस्तरीय र प्रभावकारी बनाउदै यस वर्षको लक्ष्यभन्दा पनि बढी राजस्व संकलन गर्नको लागि समेत उहाँको निर्देशन थियो । दैनिक सम्पादन गर्ने कार्यलाई प्रभावकारी बनाउदै कर सहभागिता अभिवृद्धि गर्नको लागि करदातामैत्री व्यवहार गरी राजस्व प्रशासनलाई समयानुकूल परिवर्तन गर्दै लैजान र सदाचार पद्दति अवलम्बन गर्दै कार्य सम्पादनलाई अझ बढी करदाता मैत्री बनाउन समेत उहाँको जोड रहेको थियो ।

सो अवसरमा कार्यालयका प्रमुख कर प्रशासक श्री बलरामज रिज्यालले आगामी समयमा गर्नुपर्ने कार्यलाई योजना बनाई प्रभावी रुपमा सम्पन्न गरी लक्ष्य अनुसार प्रगति गर्ने प्रतिवद्धता जनाउनु भएको थियो ।

त्यसैगरी महानिर्देशक श्री चुडामणि शर्माले आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १ को पनि निरीक्षण तथा अनुगमन गर्ने क्रममा कर्मचारीहरुलाई करदाता संख्याको आधारमा कार्य सम्पादन गर्न निर्देशन दिनुभयो । यस वर्षको लक्ष्य पूरा गर्नको लागि उपयुक्त रणनीति बनाई कार्य सम्पादन गर्न निर्देशन दिनुभयो । करदाता शिक्षा, बक्यौता असुली, करदाता दर्ता, कर परीक्षण तथा अनुसन्धान, सम्बन्धी कार्यमा प्रभावकारी रुपमा सम्पादन गर्न निर्देशन दिनुभयो । सो क्रममा कार्यालय प्रमुख श्री झलकराम अधिकारीले यस कार्यालयको वार्षिक लक्ष्य हासिल गर्न प्रयत्नशील रहने बताउनुहुंदै आगामी दिनमा प्रभावकारी रुपमा कार्य सम्पादन गर्ने प्रतिवद्धता जाहेर गर्नु भएको थियो ।

# आधारभूत लेखा तालिम सम्पन्न

आन्तरिक राजस्व विभाग तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत २१ जना अधिकृत कर्मचारीहरुको लेखा सीप अभिवृद्धिको लागि लाई आधारभूत लेखा तालिम प्रदान गरियो। तालिमको उद्घाटन आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राजेन्द्रकुमार पौडेलले गर्नु भएको थियो। तालिम उद्घाटन गर्नुहुँदै उपमहानिर्देशक पौडेलले आधारभूत लेखा तालिमबाट सहभागिहरुको व्यवहारिक तथा सैद्धान्तिक ज्ञानमा बढोत्तरी हुन गई कार्यस्थलमा काम गर्न सहज हुने भनि आफ्नो भनाई राख्नु भएको थियो ।

२०७३ चैत ३ गतेदेखि २७ गतेसम्म आन्तरिक राजस्व विभागको सभाहलमा GIZ/RAS Project को वित्तीय तथा कार्यक्रमिक बन्दोवस्तमा उक्त तालिम संचालन भएको थियो । कार्यालयको नियमित काममा बाधा पुग्न सक्ने अवस्थालाई ख्याल राख्दै तालिमलाई कार्यालय समयभन्दा अगाडि विहान ६.३० देखि १० बजेसम्म संचालन गरिएको हो ।



तालिममा सहभागीहरुलाई बेकर टिली नेपाल प्रा.लि.ले प्रशिक्षण गरेको थियो भने giz बाट तालिम सामग्रीहरुको व्यवस्थापन भएको थियो ।

तालिममा आधारभूत लेखा अन्तर्गत लेखा सिद्धान्त, मापदण्ड र अभ्यासहरु, जर्नल प्रविष्टि, खाता पोष्टिङ, अन्तिम खाताहरु, नगद प्रवाह वितरण र अनुपात विश्लेषण जस्ता विषयहरु समावेश थिए। त्यस्तै नेपाल लेखामान र लेखापरीक्षणमानको सामान्य जानकारी तथा बैंक तथा वित्तीय संस्थाहरुको वित्तीय विवरण तयार पार्ने विषयहरु समेत तालिमको विषयवस्तुको सूचिमा समावेश गरिएका थिए । तालिममा सहभागीहरुको सिकाइलाई व्यवहारिक पक्षसँग जोडेर प्रभावकारी बनाउन आयकर र मूल्य अभिवृद्धि करका व्यवस्थाहरुलाई लेखाका विभिन्न पक्षसँग जोडेर विश्लेषण गर्ने विधि प्रशिक्षकहरुद्वारा अपनाइएको थियो ।

यस किसिमको तालिमबाट कर अधिकृतहरुको लेखा सम्बन्धि व्यवहारिक तथा सैद्धान्तिक ज्ञानमा अभिवृद्धि हुन गई कार्य सम्पादनमा विशिष्टता र उच्च स्तरको क्षमता प्रदर्शित हुने विभागको विश्वास रहेको छ । तालिमको संयोजन आन्तरिक राजस्व विभागको योजना तथा मानव संशाधन विकास शाखाले गरेको थियो ।

नेपाल सरकार
अर्थ मन्त्रालय
## आन्तरिक राजस्व विभाग
## मोबाइल एप सेवा संचालन सम्बन्धी सूचना

आन्तरिक राजस्व विभागले Android Platform मा आधारित मोबाइल एप संचालनमा ल्याएको छ। उक्त एसपको नाम IRD Nepal रहेको छ र Google play store मा गई एप डाउनलोड गरी प्रयोग गर्न सकिन्छ। मोबाइल एपमा विभागको सूचना, प्रकाशन, ऐन नियम, कर क्याल्कुलेटर, सम्पर्क लगायतका विवरण उपलब्ध हुनुका साथै तपशील बमोजिमका सेवाहरु प्राप्त गर्न सकिन्छ।

| S. No. | Service | Response | Remarks |
|---|---|---|---|
| 1 | Registration Details (PAN) | Basic PAN Details. | Publicly Available |
| 2 | Estimate Return Status (Fiscal Year, Period) | Status of estimated return. | From Taxpayer Login |
| 3 | IT Return Status(Fiscal Year) | Status of IT Return of that fiscal year. | |
| 4 | VAT Return Status(Fiscal Year, Period) | Status of VAT return of that filling period. | |
| 5 | Excise Return Status (Fiscal Year, Period) | Status of Excise return of that filling period. | |
| 6 | Voucher Search(Voucher No, Fiscal Year) | Voucher details. | |
| 7 | Arrear | Remaining outstanding of taxpayer under VAT, IT and Excise. | |
| 8 | TDS Details | Witholdee TDS details. | From TDS Witholdee Login |
| 9 | Push Message | Tax Return Reminder Notification | Publicly Available |

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

# एस.एम.एस. सेवा शुरु भएको सम्बन्धी सूचना

आन्तरिक राजस्व विभागले संचालनमा ल्याएको एस.एम.एस. प्रणालीबाट तपशील बमोजिमका सेवाहरु प्रदान गरिएका छन् । Registration info र Help बाहेक अन्य सेवाहरु सम्बन्धीत स्थायी लेखा नम्बरको एकीकृत कर प्रणालीमा रहेको मोबाइल नम्बरबाट मात्र उपलब्ध हुने व्यवस्था गरिएको छ ।

**तपशील**

| S.N. | Service Name | Method | Response |
|---|---|---|---|
| 1 | Registration Info (Available to public) | Type REG PAN and SMS to 32024(E.g. REG 304567895) | ABC Company Pvt. Ltd IT Reg: 2064.09.08 VAT Reg: 2064.09.08 |
| 2 | Estimate Return Status | Type EST PAN FiscalYear and SMS to 32024 (eg. EST 304567895 2071.072) | Estimated Returns For Period 2071.072 is Submitted. |
| 3 | IT Return Status | Type RETIT PAN FiscalYear and SMS to 32024(e.g. RETIT 304567895 2071.072) | IT Returns For FY 2071.072 Has Been Submitted. |
| 4 | VAT Return Status | type RETVAT PAN TaxYear PeriodType Period and SMS to 32024(e.g. RETVAT 304567895 2073 M 1) | VAT Returns For Period 2071 M 1Has Been Submitted. |
| 5 | Excise Return Status | type RETEX PAN TaxYear PeriodType Period and SMS to 32024 (e.g. RETEX 304567895 2071 M 1) | Excise Returns For Period 2071 M 1 Is Not Submitted Yet. |
| 6 | Payment | type PMT PAN VoucherNo and SMS to 32024 (e.g PMT 304567895 249561) | Date:2073.06.01 Amount:10000.00 Payment for: VAT |
| 7 | Arrear | type ARR PAN and SMS to 32024(e.g. ARR 304567895 ) | Excise: 0 IncomeTax: 10000 VAT: 5000 |
| 8 | Help | Type HELP and SMS to 32024 | Reg - Registration Retit - Income Tax Return Retvat - Vat Return PMT - Voucher Payment Arr - Arrear Est - Estimated Return |

**पुनश्चः** हाललाई एस.एम.एस. सेवा नेपाल टेलिकमका प्रयोगकर्ताहरुले प्रयोग गर्न सक्नेछन् ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
चुडामणि शर्मा

**संयोजन**
दीपक अधिकारी

**सल्लाहकार**
चन्द्रकला पौडेल
राजेन्द्रकुमार पौडेल
धनिराम शर्मा
प्रेमशरण श्रेष्ठ

**सम्पादन समूह**
देवनारायण पौडेल
अर्जुनप्रसाद भट्टराई
शिवलाल तिवारी
उमेशराज रिमाल
विनया पोखरेल